## नेपाल सरकार
## ऊर्जा मन्त्रालय

# ऊर्जाको विद्यमान अवस्था र भावी कार्यक्रमका सम्बन्धमा पत्रकार सम्मेलन

मिति : २०६६।१०।२०

देशमा उपलब्ध जलविद्युत विकासको प्रचुर सम्भावनाको बाबजूद हालसम्म यसको समुचित उपयोग र विकास हुन सकेको छैन । विगतमा मुलुकले व्यहोर्नु परेको द्वन्द्वको असहज परिस्थिति, जलविद्युत विकास गर्ने मूलभूत अवधारणामा रहेको मतभिन्नता र राष्ट्रिय अठोट एवं प्रतिबद्धता सम्बन्धी जटिलताले यसो हुन नसकेको कुरामा दुई मत छैन । तर द्वन्द्वको समाप्तिपछि जलविद्युत क्षेत्रको विकास र प्रबर्द्धनमा एउटा आशालाग्दो र सकारात्मक माहौल बन्दै गएको छ । ऊर्जाको उपयोग गरेर मुलुकको समृद्धि र समुन्नति हासिल गर्ने विषयमा सबै राजनीतिक दलहरुबीच सहमति बन्दै छ । व्यवहारमा अझै पनि केही समस्याहरु छन् । यस्ता व्यवहारिक जटिलताहरु राजनीति र स्थानीय तहबाट आउने गरेको छ । मुलुकको बढ्दो आवश्यकता पूर्ति गर्ने र पर्याप्त आपूर्ति भइसकेपछि बचत विद्युत निर्यात गरी मुलुकको आर्थिक समुन्नति सुनिश्चित गर्नुको कुनै विकल्प छैन । यसै कुरालाई मध्यनजर राखी वर्तमान सरकारले ऊर्जा संकट समाधान गर्न जलविद्युत लगायत अन्य वैकल्पिक ऊर्जाहरुको विकासलाई उच्च प्राथमिकतामा राखेको छ । विद्युत विकासको क्षेत्रमा हाल उत्साहप्रद्ध र लगानीमैत्री वातावरण बन्दै गएको छ र महत्वपूर्ण पहलहरु भएका छन् । यस परिप्रेक्ष्यमा नेपाल सरकार, राजनीतिक दलहरु, स्थानीय जनता, लगानीकर्ता र अन्य सबै सरोकारवालाहरुको अठोट र सहकार्य हुने हो भने निराशाको पुरानो अवस्था समाप्त भई ऊर्जा विकासको नयाँ चरणमा मुलुक प्रवेश गर्न सक्ने कुरामा दुई मत छैन ।

- **लोडसेडिङका कारण र अवस्था**
  - विद्युतको माग र आपूर्तिमा हाल देखा परेको असन्तुलन अचानक सिर्जित नभई मूलतः द्वन्द्वको कारण जलविद्युत आयोजनाहरु सम्पन्न हुन नसक्नु हो । दशौं पञ्चवर्षीय योजना अवधिमा ३१४ मेगावाट माग वृद्धि हुने र सोही बमोजिम ३१४ मेगावाट विद्युत उत्पादन क्षमता थप गर्ने लक्ष्य रहे तापनि उक्त आवधिक योजना अवधिमा जम्मा ३९ मेगावाट उत्पादन क्षमता थप हुन सकेका कारण आ.व. २०६२।६३ देखि नै विद्युतको माग र आपूर्तिमा असन्तुलन देखा पर्न थाल्यो । एक दशक लामो द्वन्द्व र पछिल्लो संक्रमणकालीन अवधिमा विद्युत आयोजनाहरु निर्माणमा लगानी आकर्षण गर्न नसकिएकोले विद्युत उत्पादन क्षमता थप हुन सकेन ।
  - नेपालका अधिकांश नदीहरुमा सुख्खायाममा पानी घट्ने हुनाले रन अफ द रिभर आयोजनाहरुबाट सुख्खायाममा जडित क्षमताको एक तिहाई मात्र उत्पादन हुने गरेको छ । कुलेखानी जलाशययुक्त आयोजना बनेको ३० वर्षपछि पनि अर्को मौसमी जलाशययुक्त आयोजना निर्माण हुन नसक्नु विद्युत संकटको अर्को प्रमुख कारण रहेको छ । यद्यपि भएकै कुलेखानी जलाशयमा पनि पछिल्लो दुई वर्षदेखि पर्याप्त वर्षा नभएकोले आधा पनि पानी सञ्चित हुन नसक्नाले विद्युत संकटलाई बढाउन थप मद्दत गरेको छ ।

- एकातिर देशको राष्ट्रिय विद्युत वितरण प्रणाली सञ्जाल विस्तार भइराखेको छ भने वार्षिक रुपमा क्षमता तथा ऊर्जामा १० प्रतिशत अर्थात् ८० मेगावाटका दरले माग वृद्धि हुने गरेको छ ।
- गत सालको यसै समयमा दैनिक १८ घण्टासम्म हुन गएको लोडसेडिङको अवस्था र एक वर्षको अवधिमा भएको माग वृद्धि समेतलाई धान्दै लोडसेडिङलाई न्यूनतम राख्न गरिएको प्रयासबाट लोडसेडिङलाई दिनको ११ घण्टासम्म सीमित गर्न सकिएको छ भने यस सुख्खायाममा १२ घण्टामा बढ्न नदिने प्रतिबद्धता अनुरुप प्रयास भइरहेको छ ।
- विगतका आधा दशक २०६० सालदेखि २०६५ सालको अवधिमा सार्वजनिक क्षेत्रबाट निर्माणको चरणमा लगिएको आयोजनाहरु चमेलिया र कुलेखानी तेश्रो बाहेक कुनै पनि सालमा कुलमा १० मेगावाटसम्म पनि आयोजनाहरु निर्माणको चरणमा प्रवेश गर्न सकेन ।

- **लोडसेडिङ न्यून गर्न अपनाइएका तत्कालीन उपायहरु**
  - विद्युत क्षेत्रमा देखापरेको संकटलाई तत्काल हटाउन सक्ने अवस्था नरहे तापनि संकट समाधानका लागि नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण र निजी क्षेत्रको सक्रियता र समन्वयद्वारा ५ वर्षभित्र लोडसेडिङ हटाउने गरी कार्यक्रमहरु तय गरेर कार्यान्वयन सुरु गरिएको छ ।
  - दुहवी मल्टीफ्यूल प्लान्ट (३९ मेगावाट) र हेटौंडा डिजेल प्लान्ट (१४ मेगावाट) लाई आवश्यक मर्मत सम्भार गरी चाँडो से चाँडो पूर्ण क्षमतामा सञ्चालन गरिने छ । यी प्लान्टहरुको ममर्तको लागि आवश्यक पाटपुर्जा आपूर्ति गर्न आपूर्तिकर्तासँग सम्झौता भएको छ र सो पार्टपूर्जा आपूर्ति हुनासाथ प्लान्टहरु मर्मत गरी सञ्चालनमा ल्याइने छ ।
  - नेपाल-भारतबीच विद्यमान प्रसारण संरचनामार्फत विद्युत आदान-प्रदान सम्झौताको परिमाण बाहेक व्यापारिक दररेटमा थप विद्युत आयात गरिएको छ । विद्युत आदान-प्रदान सम्झौता अन्तर्गत ५० मेगावाट विद्युत प्राप्त भइरहेको छ । टनकपुरबाट महाकाली सन्धि अन्तर्गत १५ मेगावाट विद्युत आपूर्ति भइरहेको छ । यस्तै टनकपुरबाट थप २० मेगावाट, कटैयाबाट १५ मेगावाट र रामनगरबाट १५ मेगावाट गरी जम्मा ५० मेगावाट विद्युत व्यापारीक दररेटमा खरीद गरिएको छ । यसबाहेक सितामढी-जलेश्वर र नानपारा-नेपालगंज प्रसारण लाइनहरुमार्फत् १५ मेगावाट गरी जम्मा १३० मेगावाट विद्युत भारतबाट आयात भइरहेको छ ।
  - माग व्यवस्थापन कार्यक्रम अन्तर्गत सी.एफ.एल. चीमको प्रयोग बढाउन प्रेरित गर्ने कार्यक्रमहरु सञ्चालनमा छ । यस अन्तर्गत प्रथम चरणको सी.एफ.एल. वितरण कार्यक्रम काठमाडौंको शहरी क्षेत्रमा सफलतापूर्वक सम्पन्न भइसकेको छ र अर्को चरणमा यस कार्यक्रमलाई उपत्यका बाहिर समेत चरणबद्ध रुपमा सञ्चालन गरिने छ ।
  - हाल सञ्चालित जलविद्युत उत्पादन केन्द्रहरुको मर्मत सम्भार गरी पानी वहावको आधारमा सम्भव भएसम्मको क्षमतामा विद्युत उत्पादन भइरहेको छ ।
  - विद्युत चुहावट नियन्त्रण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न पहल सुरु गरिएका छन् । यसका लागि राजनीतिक तहमा समन्वय गरिने र चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
  - हाल इन्भरटर जस्ता विद्युतीय उपकरणहरुको अत्यधिक प्रयोगले विद्युतको उपयोगमा Inefficiency को कारणले अझ थप विद्युत खपत हुने भएको हुनाले आम उपभोक्ताले थप लोडसेडिङ भोग्नु पर्ने अवस्था सिर्जना भएको छ । तसर्थ इन्भरटर जस्ता उपकरण आयातमा रोक लगाउन ऊर्जा मन्त्रालयले कारवाही अगाडि बढाइएको छ ।

- **ऊर्जा क्षेत्रको विकास सम्बन्धमा गरिएका पहल र प्रयासहरु**
    - २०६६ को यस अवधिमा २०८० मेगावाट क्षमताको साना ठूला विद्युत आयोजनाहरुको विद्युत सर्वेक्षण अनुमतिपत्र जारी भएको र ६ वटा आयोजना गरी करिब ५४ मेगावाट क्षमताको विद्युत उत्पादनको अनुमतिपत्र जारी भएको । सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी निर्धारित समयमा सन्तोषजनक प्रगति नगरिएका ७ वटा अनुमतिपत्रहरु यसै अवधिमा खारेज गरिएका छन् । साथै एउटा विद्युत उत्पादनको अनुमतिपत्र पनि रद्द गरिएको छ ।
    - यस सालको अन्तसम्ममा थप ५० मेगावाटको निर्माण अनुमतिपत्र प्रदान हुने प्रक्रियामा छ । आउँदो २०६७ सालमा सरकारले प्रतिस्पर्धामार्फत् प्रदान गरिने ६ वटा आयोजनाहरु; सिंगटी (६.४ मेगावाट), माया (५ मेगावाट), मेवा (१० मेगावाट), खारे (१४.७ मेगावाट), सोलु (१५ मेगावाट), तल्लो सोलु ( ४० मेगावाट), प्रतिस्पर्धा मार्फत् प्रदान गरिएको कावेली जलविद्युत आयोजना (३० मेगावाट) समेत गरी कुल करिब २५० मेगावाट क्षमताको विद्युत आयोजना निर्माण चरणमा प्रवेश गर्ने छ ।
    - विद्युत ऐन तथा राष्ट्रिय विद्युत नियमन आयोग ऐन व्यवस्थापिका संसदको विधायन समितिमा विचाराधीन रहेको छ ।
    - २०७५ सालसम्म जलविद्युतमा लगानी गर्ने लगानीकर्ताको आय स्रोत नखोजिने कानूनी व्यवस्था भएको र त्यस्ता आयोजनाहरुले आफ्नो आयमा सुरुको ७ वर्षमा शतप्रतिशत आयकर छुट पाउने र त्यसपछिको ३ वर्षमा ५० प्रतिशत छुट पाउने पनि व्यवस्था गरिसकिएको छ ।
    - जलविद्युत आयोजनाहरुको लागि आवश्यक नेपालभित्र उत्पादन नहुने उपकरणहरु आयात गर्दा मूल्य अभिवृद्धि कर छुट दिइएको छ । आयोजनाहरुको लागि आवश्यक सिमेन्ट र डण्डीको आयात/खरीदमा पनि यस किसिमको मूल्य अभिवृद्धि कर छुट दिने सन्दर्भमा अर्थ मन्त्रालयमा अनुरोध गरिएको छ ।
    - प्रसारण लाइनको प्रचलित व्यवस्था अनुसार 'वातावरणीय प्रभाव मूल्यांकन' अध्ययन कार्य गर्नु पर्ने अवस्थाबाट सबै प्रकारका प्रसारण लाइनहरुको अध्ययन वातावरणीय अध्ययन 'प्रारम्भिक वातावरणीय मूल्यांकन' अध्ययन मात्र गर्नु पर्ने व्यवस्था गरिएको छ ।
    - नेपाल विद्युत प्राधिकरणबाट विगत एक वर्षमा १९ वटा आयोजनाहरु गरी १२२ मेगावाट विद्युत खरीद-बिक्री सम्झौता भएको र यो सरकार गठन भए पश्चात् कुल १२ वटा आयोजनाहरु गरी ८७.५ मेगावाट क्षमताको आयोजनाहरुको विद्युत खरीद-बिक्री सम्झौता भएको । माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४५६ मेगावाट) लाई शीघ्राती शीघ्र निर्माण चरणमा लैजान उक्त आयोजनाको प्रवेश मार्ग यही चैत्र मसान्तसम्ममा Track Road तयार हुनेछ । आयोजनाको सिभिल ठेक्का कार्य र परामर्शदातृ छनौट प्रक्रिया अन्तिम चरणमा रहेको र आयोजनाको निर्माण कार्य वैशाखदेखि सुरु हुने छ । माथिल्लो त्रिशुली ३ ए को लागि China Exim बैंकसँग आर्थिक लगानी सम्बन्धमा MoU सम्पन्न गरी आयोजनाको इ.पि.सी. ठेक्का सम्पन्न भएको । राहुघाट जलविद्युत आयोजनाको सिभिल ठेक्काको लागि प्रस्ताव आह्वान गरिएको । चमेलीया आयोजनाको इलेक्ट्रोमेकानिल र प्रसारण लाइनको निर्माण ठेक्का सम्झौता सम्पन्न भएको । माथिल्लो सेती जलविद्युत आयोजनाको फिल्ड कार्य प्रारम्भ भएको ।

- नेपाल विद्युत प्राधिकरणबाट चमेलीया (३० मेगावाट), कुलेखानी तेश्रो जलाशयमा आधारित (१४ मेगावाट), अपर त्रिशुली ३ए (६० मेगावाट), अपर त्रिशुली ३बी (३७ मेगावाट), राहुघाट (२७ मेगावाट), अपर तामाकोशी (४५६ मेगावाट) तथा अपर सेती जलाशययुक्त (१२७ मेगावाट) गरी कुल ७५१ मेगावाट क्षमताको आयोजनाहरु विकास निर्माणको विभिन्न चरणमा रहेका छन् । यसका अलावा बुढी गण्डकी जलशययुक्त आयोजना (६०० मेगावाट), माथिल्लो मोदी (४२ मेगावाट) आयोजनाहरु पनि सरकार निजी क्षेत्रको साझेदारीमा विकास गर्ने प्रक्रियामा लगिएका छन् । आँधी खोला र नौसलगाढ आयोजनाहरुको विकास कार्य पनि अगाडि बढाइने छन् ।
- निर्यातमूखी ठूला आयोजनाहरु जस्तै; अरुण तेश्रो, माथिल्लो कर्णाली, हिमताल मर्स्याङ्दी, तामाकोशी तेश्रो, लिखु-४ हरुको सम्भाव्यता अध्ययनको कार्यहरु सन्तोषजनक रुपमा अघि बढेको र ती आयोजनाहरु निकट भविष्यमा निर्माणमा जानेछन् । यीमध्ये केही आयोजनाहरुमा विश्व बैंकजस्ता बहुपक्षीय लगानीकर्ताहरुको पनि चासो रहेको छ ।
- नेपाल-भारत बीच उच्च क्षमताको प्रसारण लाइन निर्माण गरी भारतबाट थप विद्युत आयात गर्नेछ । हालै भारतमा सम्पन्न भएको Stakeholder दोश्रो त्रिपक्षीय बैठकमा भएको सहमति अनुसार ढल्केवर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न आवश्यक वित्तीय व्यवस्था विश्व बैंकको सहयोगमा हुने अवस्थामा रहेको र सन् २०११ मा निर्माण कार्य सुरु गरी २०१२ सम्म तयार गरिने छ ।
- हाल निर्माणाधीन ३ वटा आयोजनाहरु कुल करिब ९ मेगावाट क्षमताका आयोजना यसै साल सम्पन्न हुने छन् भने आगामी वर्षमा निर्माणाधीन १३ वटा आयोजनाहरु कुल जडित क्षमता करिब १२० मेगावाट सम्पन्न हुने छन् त्यसपछिको सालमा निर्माणको चरणमा प्रवेश गर्न लागेका १५ वटा साना आयोजनाहरुबाट करिब १०० मेगावाट आयोजनाहरु निर्माण सम्पन्न हुने छन् । यसरी सन् २०१२ सम्ममा हालको जलविद्युत उत्पादन क्षमतामा करिब २३० मेगावाटको आयोजनाहरु थप हुन सक्ने देखिन्छ । उक्त वर्षहरुमा साल बसाली हुने माग वृद्धि समेतले गर्दा प्रस्तावित क्षमता विस्तारबाट पनि मागको आपूर्ति पूर्ण रुपमा हुन नसक्ने हुनाले लोडसेडिङ पूर्ण रुपमा हट्न सक्ने हुँदैन ।
- यस अवधिमा निजी क्षेत्रले क्याप्टीभ प्लान्टबाट विद्युत उत्पादन गरी राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न चाहेमा त्यस्तो विद्युत मनासिव दररेटमा खरीद गर्नेछ ।
- सन् २०१२ मा नेपाल-भारत विद्युत प्रसारण लाइन निर्माणपश्चात् केही वर्ष भारतबाट विद्युत आयात गरी लोडसेडिङलाई शुन्य गर्न सकिने छ । यसको लागि राष्ट्रिय प्रसारण प्रणालीमा आवश्यक सुदृढीकरण कार्य थालनी गरिने छ ।
- २०१२ पश्चात् क्रमिक रुपमा जलविद्युत आयोजनाहरु तयार हुँदै जाने र २०१५ सम्ममा माथिल्लो तामाकोशी लगायत अन्य आयोजनाहरु निर्माण हुन सक्ने हुनाले देशभित्रै उत्पादन हुने जलविद्युतबाट २०१५ देखि लोडसेडिङ पूर्ण रुपमा हटाउन सकिने छ ।
- निर्माणमा गएका आयोजनाहरु तथा निर्माणको चरणमा जाने मझौला आयोजनाहरुको विद्युत खरीद सम्झौता सरलीकरण गरी तिनका लागि प्रसारण सुविधा निर्माण गरिदिनेतर्फ गतिविधि अघि बढाइएका छन् । नेपाल सरकारले यस्ता ४६ वटा प्रसारण लाइनहरु पहिचान गरी आफ्नै लगानीमा निर्माण गर्न गत वर्षदेखि कार्य थालनी गरेको छ ।

- जलविद्युत आयोजनाहरुमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न नेपाल विद्युत प्राधिकरणले २५ मेगावाट क्षमतासम्मको आयोजनाहरुबाट खरीद गर्ने विद्युतको दररेट निर्धारण गरी प्रचलनमा ल्याइएको छ । विद्युत खरीद-बिक्री सम्बन्धी सम्झौताको प्रक्रियालाई अझै सरलीकृत गर्दै लगिने छ ।
- यस अवधिमा नेपाल विद्युत प्राधिकरणको वित्तीय अवस्थामा आवश्यक सुधार गर्न झण्डै एक दशकसम्म विद्युत महसुलमा पुनरावलोकन नभएको अवस्थामा सो को पुनरावलोकनको लागि नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिले सम्बन्धित निकायमा अनुरोध पठाउने निर्णय गरिसकेको छ ।
- नेपाल विद्युत प्राधिकरणलाई चुस्त दुरुस्त गर्न आवश्यक संस्थागत सुधार गर्ने उद्देश्यले जल तथा ऊर्जा आयोगको सचिवालयको सचिवको अध्यक्षतामा आवश्यक सिफारिस गर्न एक टोली कार्यरत छ । यस्तै नेपाल विद्युत प्राधिकरणको वित्तीय क्षमता सुधार गर्न एक अन्तरमन्त्रालय समिति (अर्थ, ऊर्जा, म.ले.नि.का. र ने.वि.प्रा.) गठन भई अध्ययन भइरहेको छ ।
- दीर्घकालीन उपाय अन्तर्गत ठूला एवं जलाशययुक्त आयोजनाहरु निर्माण गर्ने तथा नदी बेसिनमा आधारित प्रसारण प्रणाली विस्तार गरी निजी क्षेत्रका विद्युत उत्पादन केन्द्र निर्माणमा सहजीकरण गर्ने कार्यक्रम रहेका छन् ।
- नेपाल-भारतबीच संयुक्त रुपमा विकास गरिने पञ्चेश्वर बहुउद्देश्यीय आयोजना सन्दर्भमा हालैको दिनमा थप सहमतिहरु भई पञ्चेश्वर विकास प्राधिकरण गठन गर्ने र यसको Terms of Reference (TOR) नेपाल सरकारबाट समेत स्वीकृत भएको छ । यसबाट आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्यमा मद्दत पुग्न जानेछ ।
- पश्चिम सेती जलविद्युत आयोजना सन्दर्भमा हालै यस आयोजनामा चिनीयाँ प्रबर्द्धकहरुले लगानी गर्न चासो देखाएको परिप्रेक्ष्यमा यो आयोजना विकास निर्माणतर्फ अग्रसर हुने सम्भावना बढेको छ ।
- नेपाल सरकारको हालैको घोषित नीति अनुसार आगामी बीस वर्षमा २५ हजार मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य अनुरुप जल तथा ऊर्जा आयोगको सचिवालयका सचिवको संयोजकत्वमा एक कार्य टोलीबाट कार्य सञ्चालनमा रहेको र उक्त टोलीले आउने पाँच, दश, पन्ध्र र बीस वर्षमा निर्माणमा लान सकिने आयोजनाहरुसहित यस सन्दर्भमा आवश्यक अन्य पूर्वाधार, सेवा सन्दर्भमा समेत सुझाव पेश गर्ने छ ।
- पानीको व्यवस्थित उपयोग सन्दर्भमा एकीकृत रुपमा बेसिन प्लानको आवश्यकता भएको हुनाले विश्व बैंकको सहयोगमा Basinwise Integreted Water Resources Master Plan तयार गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।
- हालै प्रदान भएको सर्वेक्षण अनुमतिपत्र ठूला जलविद्युत आयोजनाहरुको विकास सन्दर्भमा सरकारले अनुगमन गरिरहेको छ भने अन्य केही ठूला जलविद्युत आयोजनाहरु जस्तै बुढीगण्डकी जलाशययुक्त आयोजना, माथिल्लो अरुण जलविद्युत आयोजनाहरुलाई पनि प्रबर्द्धन गर्दै देशको माग पूर्ण रुपले आपूर्ति भएपश्चात् प्रस्तावित ढल्केवर-मुजफ्फरपुर प्रसारण लाइन तथा अन्य निकासीमूलक आयोजनाहरुबाट विद्युत निर्यात गर्न सकिने छ ।
- फर्पिङ जलविद्युत आयोजना सञ्चालनमा आएको सय वर्ष पुगेको उपलक्ष्यमा फर्पिङ्ग विद्युत् गृहको शतवार्षिकी मनाउन माननीय ऊर्जा मन्त्रीज्यूको अध्यक्षतामा एउटा फर्पिङ्ग विद्युत् गृह शतवार्षिकी राष्ट्रिय समन्वय समिति गठन गरिएको छ । सो समितिले सप्ताहब्यापी शतवार्षिकी महोत्सव कार्यक्रम आयोजना गर्ने छ र विद्युत गृहलाई जीवित सङ्ग्रहालयको रुपमा स्थापना गरिने छ ।

- प्रस्तावित कावेली कोरीडोर प्रसारण लाइनमा पहिलो आउनेले पहिलो प्राथमिकता पाउने गरी कुल ५० मेगावाट क्षमताको विद्युत यस प्रसारण लाइनमा आबद्ध हुन पाउने व्यवस्था गरिएको छ । यसै गरी कोशी कोरीडोर २०० मेगावाट क्षमताको विद्युत आबद्ध हुन पाउने व्यवस्था गरिएको छ ।
- ऊर्जा मन्त्रालयले आउने दिनमा जलविद्युत लगायत विद्युतका अन्य स्रोतहरु जस्तै सौर्य, वायु, जैविक आदि स्रोतहरुबाट समेत विद्युत उत्पादन गर्न लगानी आकर्षित गर्ने कार्य अगाडि बढाउने छ ।
- सहरी क्षेत्रमा सौर्य ऊर्जाबाट विद्युत उत्पादन गर्न अनुदान दिने नेपाल सरकारको निर्णयलाई कार्यान्वयन गर्न छलफल अघि बढाइएको छ ।
- प्रस्तावित ढल्केवर- मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनको अलावा थप अन्तरदेशीय प्रसारण लाइनहरु समेत विकास निर्माण गर्ने तर्फ पनि अग्रसर हुने छ ।
- जलविद्युत आयोजनाको अध्ययनका चरण तथा निर्माणका चरणमा विभिन्न मागहरु राखी स्थानीय जनता र राजनैतिक दलहरुबाट विकास कार्य नै अवरुद्ध हुने परिस्थिति सिर्जना नगर्न ऊर्जा मन्त्रालय सम्बद्ध सबैसँग अनुरोध गर्दछ । आयोजनाहरुको विकास निर्माण कार्यलाई आवश्यक सुरक्षा प्रदान गर्न सरकार प्रतिबद्ध छ । यसै सन्दर्भमा केन्द्रीय स्तरमा ऊर्जा मन्त्रीकै संयोजकत्वमा सबै सुरक्षा अंगहरुका प्रमुखहरुको सहभागितामा एक समन्वय कमिटी कार्यरत छ भने यस अन्तर्गत प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला स्तरीय सुरक्षा समितिको व्यवस्था गरिएको छ । यस परिप्रेक्ष्यमा सबै लगानीकर्तालाई विचलित नभई जलविद्युत आयोजनाहरुको विकास निर्माणमा क्रियाशील रहन पनि आह्वान गर्दछ ।
- नेपाल-भारतबीच संयुक्त रुपमा जलस्रोतको विकास गर्न मन्त्रीस्तरीय नेपाल-भारत संयुक्त समिति गठन भएको छ र जलस्रोतको विकास सन्दर्भमा उक्त संयन्त्रको बैठक छिट्टै बस्नेछ ।